जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २४४ २०८० साल बैशाख १९ गते मंगलबार (2 May 2023 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : श्रम बजारको अवस्था र श्रमिक.. ३ पृष्ठमा : कानुन र जनप्रशासन सङ्काय.. ३ पृष्ठमा : सुडान द्वन्द्वग्रस्त क्षेत्रमा समन्वयका..

# "मजदुरका समस्या ज्युका त्यु"




**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

मजदुरहरुको समस्या ज्युका त्यु रहेको सोमबार राजविराजमा आयोजित एक कार्यक्रमका सहभागिहरुले गुनासो पोखेका छन् ।

मजदुरको हकहित र अधिकारका लागि सरकारले विभिन्न योजना ल्याए पनि प्रभावकारी कार्यान्वयन नहुँदा समस्या ज्युको त्यु रहेको उनीहरुको गुनासो छ ।

नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीले सोमबार १३४ औं मजदुर दिवसको अवसर पारेर आयोजना गरेको कार्यक्रमका सहभागि वक्ताहरुले यस्ता गुनासो गरेका हुन् ।

उनीहरुले मजदुरहरुको जिवनस्तरमा सुधार ल्याउन तथा उनीहरुको श्रमको सम्मान गर्न योजना बनाएर मात्र सम्भव नहुने भन्दै यसको प्रभावकारी कार्यान्वयन गर्न माग समेत गरेका छन् ।

ट्रेड युनियनका जिल्ला अध्यक्ष मनोज कुमार मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका जिल्ला सभापति रामकुमार यादव, ट्रेड युनियनका केन्द्रिय सदस्य भोगेन्द्र झा, नेपाल शिक्षक संघका सभापति नारायण यादव, नेपाल ब्यापार तथा सम्बद्ध श्रमिक संघका केन्द्रिय सदस्य प्रभातकुमार ललन, नेपाल कृषक संघका उमेश मिश्र, इन्द्र नारायण यादव लगायतले कार्यक्रममा बोल्दै मजदुरहरुको हकहित र अधिकारका लागि सरकारले ल्याएको विभिन्न योजना प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याएर श्रमको उचित सम्मान गर्नुपर्नेमा जोड दिएका थिए ।

# पत्नीको स्वास्थ्य लाभ र समाज कल्याणका लागी १ सय ८ गौ-दानको तयारी



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

राजविराज निवासी एक समाजसेवीले १ सय ८ गाई दानको तयारी गरेका छन् ।

राजविराज २ निवासी समाजसेवी भवनाथ मिश्रले मानव कल्याण तथा पत्नी पुनमको पुर्ण स्वास्थलाभको कामनाका साथ यस्तो तयारी थालेका हुन ।

चार वर्ष देखी मस्तिष्कघातबाट पीडित रहेकी ५२ वर्षिया पत्नी पुनमको लामो समय भारतको दिल्ली स्थित मेदान्ता अस्पतालमा उपचार गरेर ल्याएपछि क्रमिक सुधार देखिन थालेको छ ।

सुरुमा विराटनगरस्थित नोबेल अस्पताल लगेर उपचार गराउँदा डाक्टरले उनको उपचार सम्भव नभएको भन्दै फर्काइदिएपछि एयर एम्बुलेन्स मार्फत दिल्ली लगेर ६ महिना सम्म उपचार गरेपछी पुनमको स्वास्थय अवस्थामा सुधार भएको र हाल उनी मानिसलाई चिन्ने र आफैले खाना खाने अवस्थामा पुगेको भवनाथले बताए ।

पत्नीको स्वास्थ अवस्था पुर्ववत होस, मानव कल्याणको मार्ग प्रशस्त होस भन्ने आफ्नो मुल कामना रहेको बताउँदै उनले जिल्लाको २१ गाँउ पुगेर १ महिनामा १ सय ८ वटा गाइ किनेर ल्याएको जानकारी दिए ।

तीन दिने धार्मिक कार्यक्रमको पहिलो दिन आईतवार सम्पुर्ण रामायण पाठ, दोश्रो दिन सोमवार एकादशी ब्रत उधापनको आयोजना गरेका मिश्रले समापनका दिन मंगलवार गोमेध महायज्ञको आयोजना गर्ने तयारी गरेका छन् । उक्त दिन सप्तरीका २१, सुनसरी र मोरंगका २/२ तथा छिमेकी राष्ट्र भारतका १३ गाउँबाट आउने साधु सन्तलाई १ सय ८ वटा गाई दान गर्नुका साथै ब्राम्हण भोजनको तयारी गरिएको उनले जानकारी दिएका छन् ।

सप्तरीमा आफ्नो निजी खर्चमा यस्तो धार्मिक अनुष्ठान तथा १ सय ८ वटा गौ-दान गर्ने मिश्र सम्भवत जिल्ला कै पहिलो ब्यक्ती रहेको नगरका जेष्ठ नागरिकहरुको भनाई छ ।

# ट्याक्टरको ठक्करबाट चार जना किशोरकिशोरी घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

सप्तरीको कंचनरुप नगरपालिका ८ बेरियर चोकमा आइतबार ट्याक्टरले चार वटा साइकललाई ठक्कर दिदा चारै जना साइकल यात्री घाइते भएका छन् ।

पुर्व पश्चिम लोक मार्गमा पश्चिमबाट पुर्वतर्फ जादै गरेको नम्बर नदेखिएको ट्याक्टरले सोहि दिशा तर्फ जादै गरेको चार वटा साईकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट साईकल यात्रीहरु कंचनरुप नगरपालिका १० बस्ने १६ वर्षिया श्रुति कुमारी कुसैयत, १६ वर्षिया प्रिया कुमारी यादव, १६ वर्षिया ईशा चौधरी र वडा नं. ८ बस्ने १४ वर्षिय गजु मण्डल घाइते भएका छन् ।

उनीहरु चारै जनाको स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचार भईरहेको सबै घाईतेको अवस्था सामान्य रहेको तथा ट्याक्टर र साईकललाई नियन्त्रणमा लिँदै फरार चालकको खोजतलास जारि रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अयोग्य लडाकूलाई २ लाख दिन अदालतले आदेश दिइसक्या छ : प्रधानमन्त्री

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ बैशाख ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अयोग्य लडाकूलाई २ लाख दिन अदालतले आदेश दिइसक्या छ, दिनुपर्छ,' । प्रचण्डले यो निर्णय अहिले नगरिएको समे त दावी गरे ।

सोमबार बिहान चितवनमा पत्रकारहरूसँगको कुराकानीमा प्रधानमन्त्री प्रचण्डले अयोग्य लडाकूलाई प्रतिव्यक्ति दुई लाख दिने निर्णय २०७१ सालमा कांग्रेस नेतृत्वको तत्कालीन सरकारले गरेको र अहिले आफूले त्यसलाई कार्यान्वयन मात्रै गरेको बताएका हुन् ।

'कांग्रेस र एमालेको सरकार रहँदा पटकपटक छलफल गरी निर्णय भएको हो । त्यतिबेला अर्थमन्त्री विष्णु पौडेल र टोपबहादुर रायमाझी शान्ति मन्त्री हुनुहुन्थ्यो,' प्रधानमन्त्री प्रचण्डले भने ।

०७१ सालमा अयोग्य लडाकूलाई पैसा दिने निर्णय कार्यान्वयन पनि भएको उनले बताए । त्यो विषय अदालतसम्म पुगेको र अदालतले तत्काल कार्यान्वयन नगर्न आदेश दिएपछि पैसा दिने प्रक्रिया रोकिएको उनले बताए ।

उनले आफू प्रधानमन्त्री हुनुभन्दा केहीअघि पुनः अदालतले नरोक्न भनेपछि अयोग्य लडाकूलाई पैसा दिने निर्णय गरेको बताए ।

'अहिले मैले गरेको निर्णय भनिएको जसरी प्रचार गरिएको छ, विल्कुल झुटो हो,' प्रधानमन्त्रीले भने, ' अदालतको फैसलालाई आधार बनाएर यो निर्णय कार्यान्वयन गरेको मात्रै हो ।'

अयोग्य लडाकूलाई पैसा

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# श्रम बजारको अवस्था र श्रमिक दिवसको सान्दर्भिकता

काठमाडौँ, १८ वैशाख (रासस)।

आज श्रमिकका लागि एकता र ऐक्यबद्धता प्रदर्शन गर्ने दिन हो, बलिदानीपूर्ण सङ्घर्षका बारेमा चेतना र शिक्षित गर्ने दिन हो। सरोकारवालामा श्रमिकले सडकबाट सामूहिक आवाज सुनाउने दिन हो। श्रमिक अधिकारका लागि सहादत हुने ती सबै श्रमिकलाई सम्झिने दिन हो र भन्ने हो हाम्रो सङ्घर्ष जारी छ।

आजभन्दा ठीक एक सय ३७ वर्षअघि आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै अमेरिकाको सिकागो सहरको हेमार्केट चौकमा मजदुर उत्रिए। सङ्घर्षको मैदानमा मजदुर नेताहरुले शहादत प्राप्त गरे भने उक्त बलिदानीपूर्ण सङ्घर्षका क्रममा थुप्रै घाइते भए, जेल गए तर पनि दमनले सङ्घर्षशील श्रमिकको आवाजलाई रोक्न सकेन। सन् १८८६ मा भएको उक्त क्रुर दमनका क्रममा ज्यान गुमाउने मजदुर नेताहरुको सम्झनामा त्यसको तीन वर्षपछि सन् १८८९ मे १ देखि मजदुर दिवस मनाउने घोषणा गरियो। फ्रान्सको पेरिसलगायत केही सीमित देशबाट सुरु गरिएको यो दिवस अहिले विश्वभरि मनाइन्छ र आज हामी १३४औँ मे दिवसको सङ्घारमा रहँदासमेत नेपालमा मर्यादित काम र समृद्धिको सपना भने अझै पनि निक्कै टाढा रहेको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले मर्यादित कामलाई 'स्वतन्त्रता, समानता, सुरक्षा र मानवीय मर्यादाको अवस्थामा महिला र पुरुषका लागि उत्पादनशील काम' भनेर परिभाषित गरेको छ। रोजगारी र उद्यम प्रवर्द्धन, काममा अधिकारको सुनिश्चितता, सामाजिक सुरक्षा विस्तार र सामाजिक संवाद प्रवर्द्धन आइएलओका मर्यादित कार्यका चार स्तम्भ हुन्। यसले दिगो विकासको लक्ष्य अगाडि बढाउन महत्वपूर्ण योगदान गर्दछ।

मर्यादित काम मात्र लक्ष्य होइन, यो दिगो विकासको चालक पनि हो। मर्यादित कामबाट श्रमिकको आर्थिक स्थिति बलियो हुनुका साथै अधिक समावेशी आर्थिक वृद्धि हुनु हो। यसले मर्यादित रोजगारी सिर्जना गर्न र थप स्रोत सिर्जना गर्नुका साथै यो एक साधारण समीकरण पनि हो। दिगो विकासको लागि २०३० एजेन्डाको साथमा श्रमिकको जीवनमा परिवर्तन गर्ने र सुधार गर्ने एउटा पुस्ताको अवसर पनि हो।

सामान्यतया कामलाई मर्यादित मानिन्छ, जब यसले उचित आम्दानी, सुरक्षित काम गर्ने अवस्थाको सुनिश्चितता, सबैका लागि समान अवसर र उपचारको सुनिश्चितता, श्रमिक र तिनका परिवारका लागि सामाजिक सुरक्षा समावेश, व्यक्तिगत विकासको सम्भावना प्रदान र श्रमिकलाई आफ्ना सरोकार व्यक्त गर्न अनि सङ्गठित हुन स्वतन्त्रता प्रदान गरिरहँदा यसले सामाजिक एकीकरणलाई प्रोत्साहित पनि गर्दछ।

मर्यादित कामले व्यक्ति र परिवारको खल्ती भर्ने काम गर्छ, जुन उनीहरूबाट अनौपचारिक योगदान अर्थतन्त्रमा गर्न सक्छन्। तिनीहरूको क्रय शक्तिले दिगो उद्यम, विशेष गरी साना व्यवसायको वृद्धि र विकासका लागि इन्धनको काम गर्छ। यसको फलस्वरूप थप रोजगारी सिर्जना गर्न र उनीहरूको ज्याला एवम् अवस्थामा सुधार गर्न सक्षम हुन्छन्। यसले सरकारका लागि राजस्व बढाउँछ। यसले त्यसपछि काम पाउन नसक्ने वा काम गर्न नसक्नेलाई सुरक्षाको घेराभित्र राख्न, सामाजिक उपायका लागि कोष निर्माण गर्न सक्षम हुन सक्छ।

मर्यादित कामले असमानता घटाउँछ र लचिलोपन बढाउँछ। सामाजिक संवादका माध्यमबाट विकसित नीतिहरूले मानिसहरू र समुदायहरूलाई जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न मद्दत गर्दछ, जब कि थप दिगो अर्थतन्त्रतर्फ सङ्क्रमणलाई सहज बनाउँछ। यति मात्रै होइन, आत्मसम्मान, आशा र सामाजिक न्यायको भावनाले सामाजिक शान्ति कायम राख्न मद्दत गर्दछ।

**नेपालको श्रम बजारको अवस्था**

नेपाल धेरै सङ्क्रमणको बीचमा छ, यी सङ्क्रमणहरूमध्ये केही फरक प्रकृति र दायराका रूपमा विश्वव्यापी छन्, केही अन्य नेपालका लागि विशिष्ट छन्। यसले कामको संसारमा महत्वपूर्ण परिणाम ल्याउने छ। कोभिड-१९ को विनाशकारी मानव र आर्थिक परिणामबाट जारी पुनः प्राप्तिका लागि अगाडि बढिरहेका निरन्तरका प्रयासहरु, प्रविधिमा भइरहेका परिवर्तन, जनसाङ्ख्यकीय गतिशीलताबाट कामको भविष्यमा पर्ने असरबाट प्रतिष्ठानहरू र कामदारहरूलाई प्राप्त हुने अवसर र जोखिम र जलवायु परिवर्तनका परिणाम न्यून गर्न आवश्यकपर्ने अनुकूलन कार्यका साथै नेपालले २०७२ मा नेपालको संविधान अनुमोदन गरेअनुरुप यसको शासन संरचनाको निरन्तर रुपान्तरण, जसमा अन्य परिवर्तनहरु बाहेक, रोजगारी र श्रम मामिलाहरु प्रादेशिक र स्थानीय तहहरुमा हस्तान्तरण गर्नुपर्ने बाध्यता रहेको छ।

सन् २०२६ सम्ममा नेपाल अल्पविकसित राष्ट्र स्थितिबाट स्तरोन्नति भएपछि अहिले प्राप्त गरिरहेका सहुलियत विकास वित्त र केही व्यापार प्राथमिकताहरूमा पहुँच गुमाउने सम्भावना र कृषिमा निर्भरताबाट थप विविधीकरणका साथै औद्योगिक र सेवा क्षेत्रका गतिविधिहरूबाट मुख्यरूपमा अनौपचारिकबाट औपचारिक क्षेत्रका प्रतिष्ठानहरू निर्माण एवम् औपचारिकबाट अनौपचारीकरण हुने निरन्तरको परिर्वतनको परिणाम स्वरूप राष्ट्रिय अर्थतन्त्रमा परिवर्तनहरू।

नेपालले सबैका लागि मर्यादित कार्यहरू प्राप्त गर्ने प्रतिबद्धता स्पष्ट रूपमा व्यक्त गरेको छ। नेपालको संविधान, २०७२ ले रोजगारी र सामाजिक सुरक्षाका साथै ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक हकलाई समेटेको छ। संविधान र राष्ट्रिय कानूनहरूले पनि बालश्रम र जबरजस्ती श्रम निषेधसहित श्रम शोषणविरुद्ध महत्वपूर्ण संरक्षणहरू समावेश गरेको छ। नेपाल सरकारले श्रमिक र रोजगारदाता सङ्गठनहरूसँग मिलेर हालैका वर्षहरूमा श्रम ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ पारित भए पनि श्रम नीतिहरूले न्यून पारिश्रमिक, अनौपचारिक क्षेत्रका कामरूमा महिला, युवा र सामाजिकरूपमा बहिष्कृत समूहहरूको एकिकृत रूपमा पहिचान र सम्बोधन गर्न सकेका छैनन्। राष्ट्रिय रोजगार नीति, २०७२ र औद्योगिक नीतिको लगभग असफल रहेको छ।

श्रम ऐन, २०७४ ले सबैका लागि समान अवसरहरू, ज्यालाको अन्तर घटाउने र कार्यस्थलमा हुने भेदभाव हटाउन प्रतिबद्ध छ तर यी नीतिगत प्रावधानहरू अपर्याप्तरूपमा सञ्चालन भएका छन्। नियुक्ति र तलब भेदभाव, जातीय र लैङ्गिक स्टिरियोटाइपहरू, सामाजिक मान्यताहरू, अवैतनिक हेरचाह कार्यको असमान हिस्सा र रोजगारी विभाजन असमानता कमाउने प्रमुख चालकहरू हुन्। जबकी सीमान्तकृत समूहहरूले सामना गर्ने आर्थिक भेद्भावको हदको तथ्याङ्कहरू सीमित छन्, निम्न उदाहरणहरूले असमानताका केही क्षेत्रहरूलाई उजागर गर्दछ।

**दिगो उद्यम र जीविकोपार्जनका लागि वातावरण सक्षम पार्ने**

अर्थतन्त्रको संरचनात्मक रूपान्तरण र रोजगारी सिर्जनाको गति बढाउन निजी क्षेत्रको योगदानमा नेपाल निर्भर देखिन्छ छ तर नेपालमा व्यवसाय सुरु गर्न र बढाउनको लागि सक्षम वातावरण अझै चुनौतीपूर्ण छ। कृषि, अझै पनि नेपालको सबैभन्दा ठूलो रोजगारदाता र नेपालको कूल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदानकर्ता हो तर खराब कामको अवस्था र श्रम शोषण कायमै रहेको छ। यसबाहेक उच्च स्तरको संवेदनशीलता र अनुकूलन क्षमताको न्यून स्तरको कारणले गर्दा कृषि र आफ्नो जीविकोपार्जनका लागि त्यसमा निर्भर जनसङ्ख्या जलवायु परिवर्तनको उच्च जोखिममा छन्।

विसं २०७५ को अन्तिम राष्ट्रिय आर्थिक जनगणनाअनुसार देशमा नौ लाखभन्दा बढी व्यवसायहरू छन्। यसमा आधाभन्दा बढी अनौपचारिक मानिन्छ। आइएलओको भर्खरैको नेपाल ज्याला प्रतिवेदनले नेपाली उद्यमहरूको उत्पादकत्वलाई अन्य दक्षिण एशियाली देशहरूको स्तरमा उकास्न थप प्रयासहरू आवश्यक रहेको देखाउँदै कामदारहरूको वास्तविक ज्याला वृद्धि र जीवनस्तरमा सुधार ल्याउन सफलता निर्णायक हुने उल्लेख गरेको छ।

काममा पर्याप्त प्रभावकारी संरक्षण र अधिकार श्रमसंहिता सुधार, काममा आधारभूत सिद्धान्त र अधिकारको प्रवर्द्धन श्रम र सामाजिक क्षेत्र सुधारका पक्षमा धेरै वर्षको त्रिपक्षीय संलग्नताले नेपाली श्रमजीवी जनतालाई स्वदेशमा काम गर्ने अस्वीकार्य प्रकारको कामबाट जोगाउन र विदेशमा रहेका नेपाली श्रमिकको श्रम अधिकार सुनिश्चित गर्न कानुन र नीतिहरू प्राप्त गरेको छ।

नेपालमा श्रम संहिता परिमार्जन गर्नका लागि नेपाल ट्रेड युनियन कांग्रेसले दुई दशकदेखि निरन्तररुपमा गरेको प्रयास पछिल्लो समयमा सबै ट्रेड युनियनहरुको समेत ऐजेण्डा बन्न गयो र अन्तत्वगत्वा २०७४ सालमा श्रम ऐन बनाएर सुधारका लागि योगदानमा आधारित सामाजिक सुरक्षा र श्रम ऐन प्राप्त भयो। संशोधित श्रम ऐनले अनौपचारिक क्षेत्रका कामदारहरूलाई न्यूनतम पारिश्रमिक संरक्षणसहित रोजगारीलाई आधारभूत अधिकार र विस्तारित श्रम संहिता कवरेजकारूपमा पुष्टि गरेको छ।

**कानुनी ढाँचा र यसको प्रयोगमा कमी**

नेपालको राष्ट्रिय श्रम कानुन र नीतिहरूमा रहेका केही विसङ्गतिहरूका सुधारका साथै अन्तर्राष्ट्रिय श्रम महासन्धिको अनुमोदनमा देशका प्रतिबद्धताहरू सीमित मात्रामा रहेका छन्। यसबाहेक विद्यमान कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न र नयाँ र उदीयमान विश्वका कामका समस्याहरूलाई सम्बोधन गर्न श्रम प्रशासन र सामाजिक साझेदारहरूद्वारा तीव्र प्रयास आवश्यक छन्।

नेपालको श्रम प्रशासन सुप्त अवस्थामा रहेको छ, जुन कानुनी सुधारको प्रभावकारी कार्यान्वयनलाई सीमित गर्ने प्रमुख बाधा हो। विकासोन्मुख अर्थतन्त्रमा प्रत्येक १५ हजार कामदारका लागि एक निरीक्षक पुग्नुपर्ने अनुपातको आइएलओको प्राविधिक सल्लाहअनुसार नेपालले करिब एक हजार १३३ निरीक्षक नियुक्त गर्नुपर्छ। नेपालमा श्रम निरीक्षकको दरबन्दी कुल संख्या २८ रहे पनि हाल २१ वटा श्रम निरीक्षकहरु मात्र रहेका छन् । एघार वटा श्रम कार्यालयले ७७ जिल्ला समेट्छन् र उनीहरूलाई विदेशी श्रम आप्रवासन अनुमति व्यवस्थापन र सामाजिक सुरक्षा प्रशासनलगायत अरु पनि कामहरु सम्पादन गर्नुपर्ने हुन्छ। श्रम प्रशासनको मूल्याङ्कनले आफ्नो कार्यादेशको दायराको सापेक्षमा यी कार्यालय स्रोतसाधनमा उल्लेख्यरूपमा कमी रहेको छ तसर्थ तिनीहरूको पुनर्गठन र सुदृढीकरण तत्काल गर्नुपर्ने स्थिति रहेको छ।

राष्ट्रिय कानुन र नीतिमा अन्तर्राष्ट्रिय श्रम मापदण्ड एकीकृत गर्ने प्रगतिको बाबजुद, नेपालले विसं २०६३ पछि समग्रमा अपेक्षाकृत थोरै अन्तर्राष्ट्रिय श्रम महासन्धिलाई अनुमोदन गरेको छ। अन्तर्राष्ट्रिय व्यापार साझेदार र सम्भावित विदेशी लगानीकर्ताबाट राष्ट्रिय कानुन, नीति र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच थप सुसङ्गत पङ्क्तिबद्धताको माग छ। आगामी वर्षमा बढ्ने सम्भावना छ।

सरकारले आइएलओका तीन प्राथमिकतामा रहेका सुशासन महासन्धि ८१ र एक सय २९ श्रम निरीक्षण र एक सय २२ रोजगार नीतिलाई अनुमोदन गर्न बाँकी छ। घरेलु कामदारको अधिकारसम्बन्धी महासन्धि १८९ र कार्यस्थलमा हिंसा र उत्पीडनसम्बन्धी महासन्धि एक सय ९० लाई सम्बोधन गर्ने अधिवेशनलगायत नयाँ प्राविधिक मापदण्डहरूको अनुमोदनका लागि राष्ट्रिय सरोकारवालाको वकालतले अझै परिणाम दिएको छैन। यसबाहेक ऐतिहासिकरूपमा नेपाली कामदार र रोजगारदाताका प्रतिनिधिहरूले यी उपलब्ध संयन्त्रहरूको सीमित चेतनाको कारणले गर्दा राष्ट्रियस्तरमा श्रम मापदण्डको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउन आइएलओको निरीक्षण प्रणालीको सम्बन्धितरूपमा सीमित प्रयोग गरेका छन्।

**सबै तहमा प्रभावकारी श्रम बजार सुशासन**

सङ्घीय प्रणालीले देशका श्रम बजार संस्थाका लागि श्रम र रोजगारी नीति सुधार गर्न र विभिन्न क्षेत्रमा कामदार तथा उद्यमको विभिन्न आवश्यकता एवं अवसरअनुरूप सार्वजनिक कार्यक्रम, सेवा डिजाइन र वितरण गर्ने अवसर खोल्यो। यी सुधारअनुरूप, रोजगारी र श्रम बजारसम्बन्धी कार्यक्रम पछिल्ला वर्षमा सङ्घीय तहबाट प्रदेश र स्थानीय तहमा क्रमशः विस्तार हुँदै गएका छन्। तैपनि परिवर्तनको प्रतिरोध, अपर्याप्त समन्वय, साथै पालिका सरकार र उपराष्ट्रिय श्रम संस्थाको नयाँ कार्यादेश पूर्णरूपमा ग्रहण गर्ने क्षमतालाई सीमित गर्ने बजेट र कानुनी खाडललगायत धेरै कारकहरूले प्रगतिलाई बाधा पुऱ्याएको छ।

**सामाजिक साझेदार र त्रिपक्षीय सामाजिक संवाद संस्थाको भूमिका**

नेपालको त्रिपक्षीय र द्विपक्षीय सामाजिक संवाद संयन्त्रलाई बलियो बनाउन आवश्यक छ। विशेषगरी प्रान्तीय, स्थानीय र उद्यमस्तरमा प्रायःअभाव वा अपरिपक्व अवस्थामा रहेका छन्। थपरूपमा जारी सुधार प्रक्रियामा सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक सङ्गठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण आवश्यक छ।

नेपालको संविधानले श्रमिक र रोजगारदाताको स्वतन्त्र रूपमा सङ्गठन निर्माण गर्न र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक अधिकारलाई मान्यता दिएको छ। श्रम ऐन र ट्रेड युनियन ऐनले औपचारिक र अनौपचारिक दुवै क्षेत्रका कामदार र उद्यमका लागि यी संवैधानिक अधिकारहरूलाई कानुनमा संहिताबद्ध गर्दछ। न्यूनतम पारिश्रमिक निर्धारण, श्रम समन्वय र सामाजिक सुरक्षा विस्तारसम्बन्धी त्रिपक्षीय समितिमा पनि सहभागी रहेको छ।

केन्द्रीय श्रम सल्लाहकार परिषद् राष्ट्रियस्तरमा श्रम र रोजगारीका विषयमा नेपालको औपचारिक त्रिपक्षीय संवाद संयन्त्र हो। नेपालको श्रम ऐनले प्रादेशिक तहमा त्रिपक्षीय सामाजिक संवाद संयन्त्र स्थापना गर्ने व्यवस्था गरेको भए पनि हालसम्म सातमध्ये दुई प्रदेशले मात्रै यस्ता निकाय स्थापना गरेका छन्। राष्ट्रियस्तरमा पनि श्रम प्रशासनको आइएलओको हालैको मूल्याङ्कनले परिषद नियमितरुपमा बस्न सकेको छैन र प्रमुख श्रम कानुन सुधार पूरा भएदेखि उच्चस्तरीय नीति एजेन्डामा विरलै परामर्श गरिएको पाइयो।

अन्त्यमा आज हामी १३४औँ मे डे मनाइरहँदा नेपाली श्रमिकको जीवनमा खासै सुरधार हुन सकेको छैन। मुलुकमा मर्यादित रोजगारी टाढाको विषय भएको छ। सामाजिक सुरक्षाको कार्यविधि आए पनि कार्यान्वयन पक्ष आशङ्काको दायरामा छन्। तसर्थ संविधान २०७२ र त्यसपछिका श्रम सुधारका प्रतिबद्धतालाई साकार पार्न नेपालले कानुन र व्यवहारमा मर्यादित काम सिर्जना गर्ने प्रतिबद्धतालाई अघि बढाउनुपर्छ। सबै तहका सरकारमा सामाजिक संवादका संरचना विस्तार गर्ने र श्रम प्रशासनलाई सुदृढ एवं व्यवस्थित सँगसँगै श्रमिकको पहुँचमा पुऱ्याउनका लागि विस्तार र विकास गरी श्रम निरीक्षण प्रणालीलाई बलियो र भरपर्दो बनाउनु आवश्यक रहेको छ। रोजगारी प्रवर्द्धनका लागि ट्रेड युनियनको सहभागितामा रोजगार नीति र औद्योगिक नीति परिमार्जन गर्नुका साथै सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउनु पर्दछ। (लेखक नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ)


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# कानुन र जनप्रशासन सङ्काय पढाउने तयारीमा मधेस विश्वविद्यालय

वीरगञ्ज, १८ वैशाख (रासस) ।

मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रबाट कानुन र समान्य जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने तयारी गरेको छ ।

स्थापनाकालदेखि नै भौतिक पूर्वाधार र जनशक्तिको आभाव खेप्दै आएको मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि बिएएलएलबी र समान्य जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने अन्तिम तयारी जुटेको छ ।

त्यसका लागि प्रारम्भिक कार्य पूरा गरी विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्वविद्यालयको विज्ञ टोलीले पाठ्यक्रम निर्माण गरिरहेको उपकुलपति दीपक शाक्यले जानकारी दिनुभयो ।

“यही शैक्षिक सत्रबाट कानुन र समान्य जनप्रशासन गरी दुई वटा सङ्कायको कक्षा सञ्चालन गर्ने तयारीमा छौं”, उपकुलपति शाक्यले भन्नुभयो, “त्यसका लागि हामी पाठ्यक्रम निर्माणदेखि आवश्यक पूर्वाधार निर्माणको कार्यमा जुटेका छौं ।”

तत्काल संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारीमा रहेको उहाँको भनाइ छ ।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

पोलिटेक्निक, आइटि, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङ लगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा हवको रुपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको छ ।

“विश्वविद्यालय सञ्चालन गर्न जग्गा चाहिन्छ, त्यसका लागि लामो समयको प्रयास पश्चात पर्साको केही ठाउँमा जग्गा प्राप्त भएको छ”, उपकुलपति शाक्यले भन्नुभयो, “स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयको सहयोगमा प्राप्त भएका ऐलानी र गुठी संस्थानको जग्गाको स्वामित्व विश्वविद्यालयमा ल्याउने प्रक्रियामा लागेका छौं ।”

जग्गाको स्वामित्व विश्वविद्यालयमा हस्तान्तरण नहुदाँसम्म डिपीआर बनाउन सकिदैन, डिपीआर नबनाइ भौतिक संरचना बन्न सक्दैन् त्यसैले जग्गाको स्वामित्व छिट्टो भन्दा छिट्टो हस्तान्तरणको प्रयासमा जुटेको उपकुलपति शाक्यको भनाइ छ ।

मधेस विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका- २ मा ३५ बिघा र पोखरिया नगरपालिकामा- १६ बिघा ऐलानी जग्गा र पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा प्राप्त गरेका छन् ।

बहुदरमाई नगरपालिका २ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा छ । स्वामित्व हस्तान्तरणको क्रममा रहेको बहुदरमाईको जग्गामा आवश्यक भौतिक पूर्वाधार संरचना निर्माण गर्न डिपिआर तयार पार्ने काम सुरु भइसकेको विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले जानकारी दिनुभयो ।

त्यहाँ पोलिटेक्निक, आइटी र व्यवस्थापन सङ्कायको कक्षा सञ्चालन गर्ने योजना छ । उहाँका अनुसार विश्वविद्यालयले पोखरिया नगरपालिकामा अहेव, अनमी, स्टाफ नर्सलगायत पारामेडिकल सङ्कायको कक्षा र पकहा मैनपुर गाउँपालिकामा इन्जिनियरिङ तथा एग्रो म्यानेजमेन्ट सङ्कायको कक्षा सञ्चालन गर्ने योजनामा छ ।

विश्वविद्यालयले वीरगञ्ज महानगरपालिका १७ र १८ मा रहेको १७ बिघा जग्गामा केन्द्रीय कार्यालय बनाउने योजनामा रहेको रजिष्ट्रार यादवले बताउनुभयो । मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रममा मधेस विश्वविद्यालयका लागि रु १० करोड अनुदान रकम छुट्याएको छ ।

मधेस विश्वविद्यालयले विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाइ पारित गरिसकेको छ ।

विश्वविद्यालयले डिपीआर तयार भएपछि भौतिक संरचना निर्माणका लागि विभिन्न दूतावास, राष्ट्रिय योजना आयोग, मन्त्रालय तथा दाताबाट रु दुई सय ५० करोड चन्दा सङ्कलन गरी निर्माण गरिने लक्ष्य लिएको रजिष्ट्रार यादवले बताउनुभयो ।

आवश्यकता र औचित्यका आधारमा आवश्यक जनशक्ति भर्ना गर्न सकिने अधिकार पाएको मधेस विश्वविद्यालयमा हाल उपकुलपति, राजिष्ट्रार बाहेक तीन जना प्रशासनतर्फका र चारजना कार्यालय सहयोगी कार्यरत छन् ।

विश्वविद्यालयको कुलपति मधेश प्रदेशका मुख्यमन्त्री रहने व्यवस्था छ । प्रदेशसभा सदस्य रामआशीष यादवले भन्नुभयो, “जुन उद्देश्यका साथ प्रदेश सरकारले विश्वविद्यालयको स्थापना गरेको छ, त्यहीअनुसार नै विश्वविद्यालयले काम अघि बढाएको पाउँदा खुसी लागेको छ ।”

# सगरमाथा आरोहणमा इतिहासकै बढी आरोही

काठमाडौँ, १८ वैशाख (रासस) ।

हिमाल आरोहणका लागि वसन्त ॠतु उपयुक्त समय मानिन्छ । हिमाल आरोहण आफैमा साहसिक कार्य भए पनि मौसमका दृष्टिले यो तुलनात्मकरुपमा अनुकूल मानिन्छ । त्यसैले हिमाल आरोहण गर्न चाहने आरोहीहरुको सङ्ख्या वसन्त ॠतुमा बढी हुने गरेको छ ।

आरोहणका लागि यतिखेर उल्लेख्य सङ्ख्याका आरोहीहरु सगरमाथा क्षेत्रमा पुगिसकेका छन् । पर्यटन विभागबाट आरोहण अनुमति लिएका उनीहरु यतिबेला सगरमाथाको पहिलो, दोस्रो र तेस्रो आधार शिविरमा अनुकूल मौसमको प्रतिक्षामा छन् ।

सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको साउथ कोल (चौथो शिविर)सम्म बाटो बनाइसकेका छन् । सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) गरेपछि आरोहण सुरु हुन्छ ।

वसन्त ॠतुको यो यामको सगरमाथा आरोहणका लागि हालसम्मकै सबैभन्दा बढीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार यस पालीको वसन्त ॠतुमा सगरमाथा आरोहणका लागि हालसम्म ४३ आरोही समूहका चार सय ६६ आरोहीले अनुमति लिएका छन् । उनीहरुमध्ये ९८ महिला र तीन सय ६८ पुरुष छन् । जुन सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको सङ्ख्या हो ।

सगरमाथा आरोहणका लागि सन् २०२२ मा ४४ समूहका ३२३ र सन् २०२१ मा ४२ समूहका ४०९ जनाले अनुमति लिएको पर्वतारोहण शाखाको शाखा अधिकृत विज्ञान कोइरालाले बताउनुभयो ।

नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाका अनुसार नेपालतर्फबाट सगरमाथा आरोहण गर्ने हालसम्मकै बढी आरोहीले अनुमति लिएका हुन् ।

सगरमाथाको उत्तरी मोहोडाबाट पनि चुचुरोमा पुग्न सकिन्छ । कोरोना महामारीपछि तिब्बतबाट आरोहण रोकिएकाले अहिले नेपालमा आरोहीको सङ्ख्या बढेको हुनसक्ने अध्यक्ष शेर्पाको भनाइ छ ।

सन् २००७ देखि पर्यटन विभागको सम्पर्क अधिकृत भएर काम गर्नुभएका ज्ञानेन्द्र श्रेष्ठले आरोहणमा गएका आरोही र उनीहरुका सहयोगीको सगरमाथा आधार शिविरमा ओइरो लागेको बताउनुभयो ।

इमाजिन नेपाल ट्रेक एन्ड एक्सिपिडिसन कम्पनीले सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको छ । सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाएको थियो । दोस्रो शिविदेखि सगरमाथाको चुचुरोसम्म पर्वतारोहण सञ्चालक सङ्घले बाटो बनाउँदै आएको छ ।

इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाका अनुसार अहिले सगरमाथाको चौँथो शिविरसम्म बाटो बनिसकेको छ । पछिल्लो तीन दिनदेखि सगरमाथा क्षेत्रमा मौसम खराबीले बाक्लो हिउँ परिरहेकाले आरोहण अघि बढ्न सकेको छैन । आइसफल डाक्टर सगरमाथाको दोस्रो शिविरमा आराम गरिरहेका छन् । मौसम अनुकूल हुने बित्तिकै चुरोसम्म डोरी टाँग्ने काम सुरु हुने निर्देशक शेर्पाले बताउनुभयो । साउथ कोलबाट चुचुरोसम्म बाटो खुलाउन झण्डै एक दिनको समय लाग्ने उहाँको भनाइ छ ।

**सगरमाथा क्षेत्रको मौसम बिग्रियो**

आधार शिविरमा रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका शाखा अधिकृत तथा सम्पर्क अधिकृत सुरज अर्यालले सगरमाथा क्षेत्रको मौसम पूरै बिग्रिएको जानकारी दिनुभयो । दुई/तीन दिनदेखि निरन्तर मौसम बिग्रिएकाले तेस्रो शिविरबाट आरोहीहरु फर्कन थालेका छन् । आरोहण अनुमति लिएका अधिकांश आरोही यतिबेला सगरमाथाको आधारशिविर आसपास पाल टाँगेर बसेका छन् ।

**नेपालसहित ६५ देशका आरोही**

पर्यटन विभागको विवरणमा हालसम्म सगरमाथा आरोहणमा नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका छन् । सबैभन्दा बढी चीनबाट ९६, अमेरिकाबाट ८९, भारतबाट ४०,३, हङगेरीबाट ३३, क्यानडाका २१, रुसका १८, बेलायतका १५ र नेपालका १५ आरोहीले अनुमति लिएका छन् ।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो ।

सगरमाथाको चुचुरोमा मानवले पहिलो पटक पाइला टेकेको ७० वर्ष पुगेको छ । सगरमाथा आरोहणको इतिहासमा हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशी पर्वतारोहीले आरोहण गरेका छन् । तथ्याङ्कअनुसार हालसम्म तीन सयभन्दा बढी आरोहीले सगरमाथा आरोहणका क्रममा ज्यान गुमाएका छन् । आरोहणलाई व्यवस्थित गर्न पर्यटन विभागले सगरमाथाको आधारशिविरमा सम्पर्क कार्यालय खोलेर आवश्यक कर्मचारी खटाएको छ ।

**बुधबारदेखि मौसम सफा हुने**

पश्चिमी वायुको न्यूनचापीय रेखाका साथै स्थानीय वायुको प्रभावले देशभरको मौसम आइतबारदेखि बदली रही हल्कादेखि मध्यम वर्षा भइरहेको छ । यो मौसम प्रणाली बुधबारदेखि कमजोर हुँदै जाने जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशको एक–दुई स्थानमा हल्का वर्षा भइरहेको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले आइतबारदेखिको मौसम बदली मङ्गलबार पनि उस्तै हुने र बुधबारदेखि केही कमजोर हुने जानकारी गराउनुभयो । “वर्षा मङ्गलबार पहाडमा धेरै तराई केही घट्छ भने सोमबार बेलुकादेखि कम हुँदै जानेछ । बुधबार पहाडी क्षेत्रमा मात्र केही वर्षा देखिन्छ”, उहाँले भन्नुभयो । मौसम बदलीसँगै भएको वर्षाले हिमाली क्षेत्रको पर्यटनमा अवरोध पुऱ्याएको छ ।

महाशाखाले पछिल्लो मौसमी आवस्थाबारे सम्बन्धित निकायमा खबर गरिसकेको जनाएको छ । महाशाखाले गरेको मौसमी विश्लेषणअनुसार सोमबार देशभर आंशिकदेखि सामान्य बदली रहेको छ भने देशैभरका केही स्थानमा मेघ गर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । मधेश प्रदेशका एक–दुई स्थानमा हावाहुरिको सम्भावनासमेत छ ।

महाशाखाले आगामी २४ घण्टाका लागि देशैभरका केही स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेकाले सडक तथा हवाई यातायात, कृषि, पर्यटन, खेलकुद लगायतका क्षेत्र प्रभावित हुनसक्ने भन्दै त्यसबाट हुनसक्ने क्षति/जोखिमबाट बच्न आवश्यक सतर्कता अपनाउनका लागि अनुरोध गरेको छ ।

## विश्व समाचार

### सुडान द्वन्द्वग्रस्त क्षेत्रमा समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधि पठाइँदै

वासिङ्टन, एएफपी (रासस/सिन्ह्वा) ।

सुडानमा देखिएको ‘अकल्पनीय’ परिस्थितिलाई समन्वय गरी सामान्य पार्न संयुक्त राष्ट्रसङ्घीय दूतलाई त्यहाँ पठाइने भएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले खार्तूममा सेना र सशस्त्र अर्धसैनिक बलबीच व्यापक हिंसात्मक लडाइँ जारी भएपछि यो घोषणा गर्नुभएको हो ।

महासचिव गुटेरेसले सुडानमा युद्धविराम घोषणाको ७२ घण्टामा सहमतिलाई व्यापक रूपमा उल्लङ्घन गरिएको भन्ने जानकारीपछि नयाँ टाली त्यसतर्फ पठाउन निर्देशन दिनुभएको प्रवक्ता स्टेफन दुजारिकले बताउनुभयो । संयुक्त राष्ट्रसङ्घका आपतकालीन राहत संयोजक मार्टिन ग्रिफिथ्सले आइतबार एक छुट्टै वक्तव्य जारी गर्दै सुडानको मानवीय अवस्था बिग्रँदै गएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “रातारात अकल्पनीय तथा कहालीलाग्दो हिंसा यापन गरेका लाखौं मानिसलाई तत्काल कसरी राहत दिन सकिन्छ भनेर खोजी गर्न म यस क्षेत्रमा जाँदैछु ।”तथापि, मानवीय कार्यालयहरू र गोदामहरूमा भएको ठूलो लुटपाटले ‘हाम्रा अधिकांश आपूर्तिहरू नष्ट गरिदिएको थियो । थप सामग्री ल्याउन र वितरण गर्न तत्काल उपायको खोजी गरिरहेका छौं,” उहाँले भन्नुभयो ।

### यमनमा बाँध भत्किँदा चारजनाको मृत्यु

साना, १८ वैशाख (रासस/सिन्ह्वा) ।

यमनमा बाँध भत्किँदा कम्तीमा चार जनाको मृत्यु भएको छ । यमनको राजधानी सानाबाट करिब १११ किलोमिटर पश्चिममा रहेको अल महविट प्रान्तमा आइतबार पानीको बाँध भत्किँदा चार जनाको मृत्यु भएको हो ।

स्थानीय अधिकारीहरूले अल महविट प्रान्तको हफाश जिल्लामा रहेको अल-अकाबी बाँध भत्किएको पुष्टि गरेका छन् । बाँध भत्किएर आएको बाढीले एउटा मस्जिद बगाउँदा त्यहाँ रहेका चार जनाको मृत्यु भएको छ ।

बाढीले आसपासका घरमा समेत क्षति पुऱ्याएको छ । यो प्रान्त सन् २०१४ देखि हुथी समूहको नियन्त्रणमा छ । हुथी विद्रोहीले प्रान्तमा नियुक्त गरेका अधिकारी अदेल इसाले भारी वर्षा र मुसलधारे बहावका कारण बाँध भत्किएको बताउनुभयो ।सानाका अधिकारीहरूले घटनास्थलमा दुईवटा उद्धार र एम्बुलेन्स गाडीहरू पठाएको उहाँले बताउनुभयो ।

यसैबीच, यमनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले अल महविटलगायत विभिन्न प्रान्तका नागरिकलाई भारी वर्षाको चेतावनी जारी गर्दै वर्षाको समयमा र पछि मुसलधारे बाटो, बेंसी र चट्टानहरूमा यात्रा नगर्न सल्लाह दिएको छ ।

### संयुक्त राष्ट्रसङ्घद्वारा अफगानिस्तान सङ्कटबारे तालिवानको अनुपस्थितिमा नै कतारमा वार्ता

दोहा, १८ वैशाख (रासस/एएफपी) ।

अफगानिस्तानका महिलालाई काम गर्न र बालिकाहरूलाई विद्यालय जान प्रतिबन्ध फुकुवा गर्न दबाब दिने विषयमा शासकहरूसँग कसरी समन्वय गर्ने विषयमा सोमबारदेखि संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा कतारमा सुरु हुने हुने वार्तामा तालिवान अनुपस्थित हुने भएको छ ।

संयुक्त राष्ट्रङ्घका महासचिव एन्टोनियो गुटेरेसले दुई दिनसम्म सञ्चालन गरेको वार्तामा संयुक्त राज्य अमेरिका, चीन र रूसका साथै प्रमुख युरोपेली सहायता दाताहरू र पाकिस्तानजस्ता प्रमुख छिमेकीहरूका साथै करिब २५ देश र समूहका प्रतिनिधिहरू सहभागी छन् ।

तालिवान सरकारलाई आमन्त्रण गरिएको छैन र बैठकअघि नै प्रशासनको मान्यताको प्रश्न उठेको छ । सन् २०२१ को अगष्टमा सत्तामा फर्केका तालिवान शासकहरूलाई मान्यता दिने कुनै पनि कदमको विरोधमा अफगानी महिलाहरूको एउटा सानो समूहले काबुलमा सप्ताहान्तमा विरोध प्रदर्शन गरेको थियो ।अफगान महिला समूहको गठबन्धनले आइतबार दोहा बैठकलाई लेखेको खुला पत्रमा कुनै पनि देशले औपचारिक सम्बन्धबारे विशेष विचार गर्न र यही अवस्थामा तालिवानलाई मान्यता नदिन आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घ र संयुक्त राज्य अमेरिकाले मान्यता कार्यसूचीमा नरहेको बताउँदै आएका छन् । संयुक्त राष्ट्रसङ्घका उपमहासचिव अमिना मोहम्मदले गत महिना दोहाको बैठकले तालिवान सरकारलाई ‘सैद्धान्तिकमान्यता’ दिने ‘सानो कदम’ पत्ता लगाउन सक्ने बताउनुभएको थियो । संयुक्त राष्ट्रसङ्घले उक्त टिप्पणीको गलत व्याख्या गरिएको जनाएको छ । कुनै पनि देशले तालिबान प्रशासनसँग औपचारिक सम्बन्ध स्थापित गरेका छैनन् र संयुक्त राष्ट्रसङ्घको सदस्यता संयुक्त राष्ट्रसङ्घको महासभाले मात्र तय गर्न सक्छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस दोहा पुग्नुअघि उहाँको कार्यालयले महिला तथा बालिकाको अधिकार, समावेशी शासन, आतङ्कवाद र लागूपदार्थको ओसारपसारविरुद्ध लड्नका लागि तालिबानसँग कसरी सहकार्य गर्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय समुदायभित्र साझा समझदारी हासिल गर्ने उद्देश्यले उक्त बैठक आयोजना गरिएको जनाएको छ ।

# नेपाल र युएईको खेल स्थगित

काठमाडौं, १८ वैशाख (रासस)। एसीसी मेन्स प्रिमियर लिग क्रिकेटमा नेपाल र युएईबीच फाइनल खेल वर्षाका कारण स्थगित भएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सोमबार भएको फाइलन खेल वर्षाका कारण प्रभावित बनेपछि भोलिका लागि सारिएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान)का अनुसार भोलि हुने खेल सोमबारकै निरन्तरता हुनेछ। अर्थात् सोमबार रोकिएकै ओभरबाट भोलि विहान ९ बजेदेखि खेल सुरु हुनेछ।

सोमबारको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको युएईले २७ दशमलव ३ ओभरमा ९ विकेटका क्षतिमा १०६ रन बनाउँदा वर्षाका कारण खेल रोकिएको थियो। त्यसपछि लगातार वर्षा भएपछि खेल हुन सकेन र भोलिसम्मका लागि स्थगित भएको हो।

खेल रोकिनुअघि युएईका लागि आसिफ खानले सर्वाधिक ४६ रन बनाएका थिए। उनले ५४ बल खेल्दै एक छकका र सात चौका प्रहार गरे। त्यस्तै आर्यन लाक्राले १३, मोहम्मद वासिमले ११ र बसिर हमिदले १० बनाए।

नेपालका लागि ललित राजबंशीले तीन विकेट लिएका थिए भने करण केसी र सन्दीप लामिछानेले दुई /दुई विकेट लिए। त्यस्तै गुल्शन झा र सोमपाल कामीका नाममा एक /एक विकेट रहयो।

यसअघि नेपाल समूह 'ए' को विजेता बन्दै फाइनलमा पुगेको थियो। सेमिफाइनलमा कुवेतसँगको खेल वर्षाको कारण नतिजाविहीन भएपछि नेपाल समूह विजेताका रुपमा फाइनलमा पुगेको हो। साथै युएईले सेमिफाइनल खेलमा ओमानलाई दुई रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो।

# सरकार पाँच वर्ष चल्छ, यताउता हुन्छ भन्ने भ्रम हो : प्रधानमन्त्री दाहाल

चितवन, १८ वैशाख (रासस)। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफ्नो नेतृत्वको सरकारमा आउने विश्वास व्यक्त गर्नुभएको छ।

प्रेस सेन्टर नेपाल चितवनले सोमबार यहाँ आयोजना गरेको पत्रकारसँग प्रधानमन्त्री कार्यक्रममा उहाँले रास्वपा सरकारमा सहभागि हुने विषयमा कुराकानी चलिरहेको जानकारी दिनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "रास्वपाले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिँदैन। सो पार्टी पनि सरकारमा आउने कुरा चलिरहेको छ।" रास्वपाले पहिलाका मन्त्रालय माग्नु अस्वभाविक नभएको जनाउँदै उहाँले यसैमा उहाँ अडिनुहुन्छ भन्ने आफूलाई नलागेको बताउनुभयो।

सत्तासाझेदार दलका बीचमा सरसल्लाह गरेर सहमतिमा जाने प्रधानमन्त्री दाहालले बताउनुभयो। रास्वपालाई अहिलेनै मन्त्रालय छाड्ने विषयमा आफूहरू नपुगेको उहाँले स्पष्ट पार्नुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "रास्वपका अध्यक्ष रवि जीले पनि हामीलाई यही नै चाहिन्छ भन्नुभएको छैन। छलफलकै क्रममा भएकाले केही छैन।"

सञ्चारकर्मीको एक प्रश्नको जवाफमा उहाँले सरकार पाँच वर्ष चल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार पाँच वर्ष चल्छ। यताउता हुन्छ की भन्ने भ्रम हो।" आफ्नो निवास शिवनगरमा आयोजना गरिएको सो कार्यक्रममा प्रधानमन्त्री दाहालले खुलेर पत्रकारसँग कुराकानी गर्नुभएको थियो। सो क्रममा उहाँले महाविर पुन आफूसँग सल्लाहानै गरेर माइतीघरमण्डलामा बसेको बताउनुभयो। बस्नुअघि आफूसँग बालुवाटारमा भेटेको जनाउँदै उहाँले पुनले उठाएका मागप्रति सरकार सकारात्मक रहेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "भेटमा मैले बजेटमा तपाईको माग सम्बोधन गर्न पूरै प्रयास हुन्छ भने हिँड्ने समयमा उहाँले माइतीघरमण्डलामा बस्छु है कस्तो हुँदो रहेछ भन्नुभयो। हाँसीहाँसी।" बस्नोस् त भन्न मिल्दैन बस्नुभयो भने मलाई बजेट बनाउन सजिलै हुन्छ भनेर आफूले भनेको उहाँले जानकारी दिनुभयो। प्रधानमन्त्री दाहालले थप्नुभयो, "यस कारण सरकारले वास्ता गरेन भन्ने झुटो कुरा हो। मैले बुझ्दा त सल्लाहामा नै उहाँ बसेको भन्ने बुझेको छु।" पुनले विकास बजेटको एक प्रतिशत बजेट छुटयाउन अनुरोध गरेको पनि उहाँले बताउनुभयो।

पूर्वलडाकुलाई रकम दिने विषय विसं २०७१ को सरकारले गरेको निर्णय भएको उहाँले बताउनुभयो। तत्कालीन समयमा अर्थमन्त्री विष्णु पौडेल रहेको र कांग्रेस एवं एमाले सरकार रहँदा छलफल भएर टुङ्गिएको विषय भएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो। तत्कालीन समयमा सर्वोच्च अदालतमा मुद्दा परेका कारण रोकिएको र अहिले दिन मिल्ने गरी फैसला भएकाले रकम दिन लागिएको बताउनुभयो।

आर्थिक समस्याका कारण किस्ताबन्दीमा लडाकुलाई रकम दिने विषयमा छलफल भइरहेको प्रधानमन्त्री दाहालले बताउनुभयो। उहाँले नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको आक्रमणमा सत्तारुढ दल लागेको भन्ने कुरा असत्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "तत्कालीन राजा र तीनका समर्थक भन्ने छ त्यो गम्भीर विषय हो।" अर्को एक प्रश्नमा खेलकुद क्षेत्रको बिकासमा सरकारले प्राथमिकता दिएको उहाँको भनाइ थियो। सरकारले कृषि उत्पादन, रोजगारी र युवा लक्षित कार्यक्रमलाई बजेटमा जोड दिने पनि बताउनुभयो। सो अवसरमा दाहालले प्रेस सेन्टर चितवनले प्रकाशन गरेको क्यालेन्डरको लोकार्पण गर्नुभएको थियो।

## अयोग्य लडाकूलाई...

दिने विषय थाहा नभएकोबारे अर्थमन्त्री प्रकाशशरण महतको अभिव्यक्तिमा प्रधानमन्त्रीले सहमति जनाउँदै उनले मन्त्रालय सम्हाल्नुभन्दा अगाडिकै निर्णय भएकाले उनलाई त्यसबारेमा थाहा नहुनु स्वभाविक रहेको बताए।

'मैले यस्तो यस्तो हो भनेर बुझाएपछि उहाँले पनि बुझ्नुभयो। अयोग्य लडाकूलाई पैसा दिने प्रक्रिया रोकिँदैन,' उनले भने।

प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्र जटिल रहेका कारण किस्ताकिस्तामा पैसा दिने बताए।

'एकैचोटी होइन, चरणवद्ध रुपले किस्तावन्दीमा दिने हो एबिसी न्युजले जनाएको छ।

# रास्वपाको संसदीय दलको नेतामा लामिछाने

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ बैशाख।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको नेतामा रवि लामिछाने चुनिएका छन्।

सोमबार बसेको संसदीय दलको बैठकले पार्टी सभापति समेत रहेका लामिछानेलाई दलको नेता चयन गरेको हो।

त्यसअघि बसेको केन्द्रीय समिति बैठकले लामिछानेलाई दलको नेता बनाउन प्रस्ताव गरेको थियो। त्यसअनुसार नै सर्वसम्मत रुपमा लामिछानेलाई दलको नेता चयन गरिएको प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिए।

# वीरगञ्जमा दोस्रो पटक रात्रि बजार लगाइँदै

वीरगञ्ज, १८ वैशाख (रासस)। वीरगञ्ज महानगरपालिकाले दोस्रो पटक रात्रि बजार सञ्चालन गर्ने तयारी गरेको छ। अर्थतन्त्र चलायमान बनाउने उद्देश्यले नयाँ वर्षदेखि सुरु गरिएको रात्रि बजारलाई निरन्तरता दिन दोस्रो पटक वैशाख २९ र ३० गते रात्रि बजार लगाउन लागिएको महानगरपालिकाले जनाएको छ।

हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार रात्रि बजार लगाउने गरी तयारी गरिएको र सोहीअनुरुप यही वैशाखको २९ र ३० गते रात्रि बजार लागाइने महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिनुभयो।

रात्रि बजार व्यवस्थापन समितिको बैठकले नयाँ पर्वलाई दृष्टिगत गरी २०७९ चैत ३० देखि २०८० वैशाख २ गतेसम्म लगाइएको रात्रि बजार प्रभावकारी भएपछि यसलाई अझै विस्तार गर्दै लैजाने निर्णय भएको उहाँको भनाइ छ।

माइस्थान चोकदेखि आदर्शनगर चोक हुँदै पशुपति घोष चोकसम्म लाग्ने रात्रिबजारमा थरिथरिका स्टल राखिने छ। विशेष गरेर विभिन्न खानाका परिकार, लत्ताकपडा, जुत्ताचप्पल तथा अन्य विविध किसिमका स्टल राखिने रात्रि बजार व्यवस्थापन समितिका सदस्य जयप्रकाश खेतानले जानकारी दिनुभयो।

वीरगञ्जको व्यापार व्यवसाय अबेरसम्म सञ्चालन गर्ने वातावरण बनाउन रात्रि बजारलाई निरन्तर रुपमा अघि बढाउने प्रयास गरिएको र यसबाट बजार चलायमान बन्ने महानगरप्रमुख सिंहको विश्वास छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घले बजारको नेतृत्व लिएर अघि आउन आग्रह गर्नुहुँदै महानगरप्रमुख सिंहले सुरक्षा तथा अन्य व्यवस्थापनको जिम्मा महानगरले लिने पनि बताउनुभयो। उहाँले रात्रि बजार लाग्ने समयमा नेपाल भारत मुख्य सीमा चौबिसै घण्टा खुल्ने व्यवस्था मिलाइएकाले सीमापारका पर्यटकको आगमन बढ्ने र बजार चलायमान हुने विश्वास पनि व्यक्त गर्नुभयो।

नयाँ वर्षमा पुरानो बसपार्कमा राखिएका स्टल अबदेखि भने सडक पेटिमै राखेर बजार सञ्चालन गराइने बैठकले निर्णय पनि गरेको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।
➤गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
➤संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
➤संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
➤बासी तथा सडेगलेका खाना नखाऔं,
➤घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money
CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*